मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : ९६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन ९ गते शनिबार (Saturday, 21 February. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## अमेरिका लैजाने भन्दै ठगी

**झापा, फागुन ८।** वैदेशिक रोजगारीका लागि अमेरिका लैजाने भन्दै रकम ठगी गर्ने एक जनालाई प्रहरीले शुक्रवार पक्राउ गरी सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा झापा अर्जुनधारा नगरपालिका-११ घर भई हाल ललितपुर महालक्ष्मी नगरपालिका-४ बस्ने ३८ वर्षीया चन्द्रकला सापकोटा दाहाल रहेकी काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवम् प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिए। निज दाहालले अमेरिका लैजाने भन्दै एक जनाबाट रु. छ

(बाँकी अन्तिम पृष्ठमा)

मुक्कुमलुङको आन्दोलन चुनावी एजेण्डा बन्यो

# निर्वाचनको सम्मुख आन्दोलन नयाँ चरणमा

**झापा, फागुन ८।** ताप्लेजुङको मुक्कुमलुङ-जसलाई राज्यले पाथीभरा नामले चिनाउँदै आएको छ, यहाँ निर्माण हुन लागेको केबलकार विवादले फेरि एकपटक राजनीतिक, सांस्कृतिक र पहिचानको बहसलाई सतहमा ल्याएको छ। निर्वाचनको मुखमा मुक्कुमलुङको विषय चर्चामा आएको हो।

सरकारहरू फेरिए, सत्ता समीकरण बदलिँदै गए, तर आन्दोलनकारीको आरोप सँधै एउटै छ- राज्यले विभेदकारी व्यवहार गर्‍यो। अढाई दशकअघि शुरू भएको मुक्कुमलुङ बचाऊ अभियान आज पनि उस्तै अडानका साथ जारी छ।

२०५६ सालमा फुरुम्बोका साम्बा (धामी) तिलध्वज माबुहाङको नेतृत्वमा १० जना युवाले मुक्कुमलुङको डाँडामा युमा माङको प्रतीकस्वरूप लुङ गाडेपछि यस क्षेत्रको पहिचानको सवाल संगठित रूपमा उठ्न थालेको थियो। लिम्बूहरूको छाता संगठन किरात याक्थुङ चुम्लुङले ऐतिहासिक नाम मुक्कुमलुङ कायम गर्न माग राख्यो। तर, स्थानीयको सांस्कृतिक माग सम्बोधन गर्नुको साटो सरकारले धार्मिक पर्यटन विकासको नाममा केबलकार परियोजना अघि बढायो। आन्दोलनकारीहरूका अनुसार यहींबाट विवादको बीऊ रोपियो।

सरकार र निर्माण कम्पनीको एकतर्फी बलमा परियोजना अघि बढेको भन्दै स्थानीय लिम्बू समुदायले २०७७ सालमा मुक्कुमलुङ संयुक्त संघर्ष समिति गठन गरे। स्थानीय बासिन्दा, नौ राजनीतिक दल र विभिन्न आदिवासी संगठनको साथमा संघर्ष जारी



रह्यो। यस अवधिमा राज्य र आन्दोलनकारीबीच पटक-पटक तनावपूर्ण अवस्था सिर्जना भयो। झडप, पक्राउ र घाइते हुने घटनाले आन्दोलनलाई थप उग्र बनायो।

मुक्कुमलुङ केवल भौगोलिक स्थान होइन, लिम्बू याक्थुङ समुदायका लागि जीवन, आस्था र सभ्यताको केन्द्र मानिन्छ। ठूलो फेदीस्थित कान्छी थान-लिम्बू भाषामा हाक्पारा- देखि चुचुरोमा रहेको मुक्कुमलुङ माङसम्म धागो टाँग्ने परम्परालाई 'खिबेखिङमा' भनिन्छ। मुन्धुमी विश्वास अनुसार धागो जीवनको प्रतीक हो। धागो तान्दै युमा माङलाई भेट्न जाँदा आयु लम्बिने विश्वास गरिन्छ। धागो गाँठो परे वा चुँडिए अशुभ हुने मान्यता भएकाले यसलाई चोखो पानीले शुद्ध पारेर मात्र टाँगिन्छ।

मुन्धुम कथन अनुसार सृष्टिकर्ता युमा माङ मुक्कुमलुङको शिरमा आएर तान बुन्दै बसेकी थिइन्। उनले लिम्बू पूर्वजहरूलाई जीवन जिउने सिप सिकाएकी थिइन्। पछि उनी त्यहीँ अलप भएको विश्वास छ। लिम्बू भाषामा 'मुक्कुम' शक्ति र 'लुङ' ढुंगा भन्ने अर्थ दिन्छ। युमाको शक्ति ढुंगामा बिलीन भएपछि मानिसहरू शुभ, कल्याण र दीर्घायुको कामना गर्दै धागो टाँग्न जाने परम्परा बसेको मानिन्छ। आन्दोलनकारीहरूका अनुसार यस्तो पवित्र स्थलमा व्यावसायिक परियोजना स्वीकार्य छैन।

**झडप, गोली र अदालत**

केबलकार निर्माण शुरू भएयता झडपका घटनामा ६५ जनाभन्दा बढी आन्दोलनकारी घाइते भइसकेका छन्। गतवर्ष आन्दोलनकारीमाथि सशस्त्र प्रहरीले गोली चलाउँदा तीन जनालाई घाइते भएका थिए भने राज्यतर्फ २२ जना घाइते भएका थिए।

आन्दोलनकै बीच २०८१ चैत १३ गते सर्वोच्च अदालतले केबलकार निर्माणको काम रोक्न अल्पकालीन अन्तरिम आदेश जारी गर्‍यो। त्यसपछि आन्दोलन केही मत्थर जस्तो देखिए पनि अदालतले २०८२ वैशाख ३१ आदेशलाई निरन्तरता नदिएपछि आन्दोलन पुनः चर्कियो। केबलकार दर्शन प्रालिले निर्माण कार्य अघि बढाएपछि स्थानीय फेरि सडकमा उत्रिएका थिए।

**आशा, निराशा र नयाँ सरकार**

भदौ २३-२४ को जेन-जी प्रदर्शनपछि बदलिएको राजनीतिक वातावरणले आन्दोलनकारीमा आशा जगाएको थियो। नयाँ सरकारले माग सुन्ने अपेक्षा गरिएको थियो।

मुक्कुमलुङ संयुक्त संघर्ष समितिले गृहमन्त्री ओमप्रकाश अर्याललाई भेटेर केबलकार खारेजीको

(बाँकी अन्तिम पृष्ठमा)



**१४ बर्षदेखि अलपत्र पक्की पुलः** हुलाकी सडक अन्तर्गत जिल्लाको झापा गाउँपालिका र गौरीगञ्ज गाउँपालिकालाई जोड्ने कनकाई नदीमाथि निर्माणाधीन दुई दशकदेखि अलपत्र परेको पक्की पुल। तस्वीरः रासस

## प्रहरी चौकी तोडफोड गर्ने तीन जना पक्राउ

**झापा, फागुन ८।** झापाको बिर्तामोड-३मा रहेको प्रहरी चौकी बिर्ताबजार तोडफोडमा संलग्न तीन जना पक्राउ परेका छन्।

बिहीवार दिउँसो बिर्तामोड-३स्थित काजी पार्टी प्यालेसमा काम गर्ने बाह्रदशी-४ निवासी सुजन राईलाई सोही पार्टी प्यालेसका सञ्चालक बिर्तामोड-३ बस्ने २९ वर्षीय आकाश खड्का, त्यहीँ काम गर्दै आएका ४० वर्षीय कोमल शिवाकोटी र अर्जुनधारा-९ निवासी २७ वर्षीय बिपीन बुढाथोकीले सामान्य विवादका क्रममा कुटपिट गरेका थिए।

घटनापछि प्रहरीले कुटपिटमा संलग्न तीनै जनालाई नियन्त्रणमा लिएर प्रहरी चौकी बिर्ताबजारमा राखेको थियो। त्यसपछि सुजन राई पक्षका करिब ३५-४० जनाको संख्यामा पुगेको उत्तेजित भीडले चौकीमा प्रवेश गरी तोडफोड गरेको प्रहरीले जनाएको छ। तोडफोडका क्रममा प्रहरी चौकीको कार्यालय अगाडिको झ्यालको सिसा फुटाइएको छ भने

(बाँकी अन्तिम पृष्ठमा)

## विमानस्थलबाटै ११ केजी गाँजासहित पक्राउ

**काठमाडौं, फागुन ८।** त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको आगमन टनेल गेटबाट शुक्रवार करिब ११ किलोग्राम २७० ग्राम अवैध लागूऔषध गाँजासहित तीन जना भारतीय नागरिकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा ४३ वर्षीया समीना अख्तर बैग मिर्जा, २४ वर्षीय मोहम्मद जुनैद तथा ४४ वर्षीय अफसाना अमीर हुसेन शेख रहेका केन्द्रीय प्रहरी प्रवक्ता एवम् प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिए।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय र लागूऔषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरीले मोहम्मद जुनैद र समीना अख्तर बेग मिर्जालाई करिब तीन किलो ८७० ग्राम र अफसानालाई करिब सात किलो ४०० ग्राम उक्त लागूऔषधसहित पक्राउ गरेको उनले बताए।

पक्राउ परेका तीनै जनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि लागूऔषध नियन्त्रण व्यूरो पठाइएको प्रवक्ता काफ्लेले बताए।

## 'सी.के. कांग्रेसको इन्साइक्लोपेडिया'

**बिर्तामोड, फागुन ८।** झापाको बिर्तामोडमा आयोजित एक कार्यक्रमका सहभागी बक्ताहरुले सी.के. प्रसाईको बहुआयामिक व्यक्तित्वबारे चर्चा गरेका छन्।

सी.के. प्रसाईको ३२औं स्मृति दिवसका अवसरमा सी.के. चिन्तन प्रतिष्ठान झापाको आयोजनामा 'सी.के. प्रसाईको व्यक्तित्व र प्रजातान्त्रिक समाजवाद' विषयक विचार गोष्ठी एवम् सम्मान कार्यक्रमका सहभागी बक्ताहरुले सी.के विचार, प्रजातान्त्रिक समाजवाद एवम् सरल राजनीतिक व्यक्तित्वबारे चर्चा गरेका हुन्।

कार्यक्रमका प्रमुख अतिथि एवम् नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीले सी.के. प्रसाई नेपाली कांग्रेसको 'इन्साइक्लोपेडिया' भएको बताए। 'जसरी



इन्साइक्लोपेडिया बहुउपयोगी र सबैका लागि पठनीय हुन्छ, कांग्रेसको राजनीतिमा सी.के. प्रसाई इन्साइक्लोपेडिया हो'- उनले भने।

पूर्वसांसद डिल्लीप्रसाद सिटौलाले राजनीतिमा विचारप्रतिको प्रतिबद्धता, इमान्दारिता, निष्ठा चाहिने उल्लेख गर्दै नेतृत्वमा विनम्रता आवश्यक हुने बताए। 'अर्काको घर भत्काएर आफ्नो घर ठडिँदैन, सबैको घर अग्लो भएमात्रै समृद्धि आउँछ'- उनले भने- 'वी.पी. विचार एवम् सी.के.को विचारको सम्मान गर्ने हो भने राजनीतिमा

(बाँकी अन्तिम पृष्ठमा)

## करणी अभियोगमा पक्राउ

**इलाम, फागुन ८।** १५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा माङ्सेबुङ गाउँपालिका-३ घर भएका २० वर्षीय सिलाश लिम्बूलाई प्रहरीले पक्राउ गरेको छ।

लिम्बूले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी बाँझोबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। पक्राउ परेका लिम्बूमाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## स्रोत नखुलेका नगद बोक्दा..

**महोत्तरी, फागुन ८।** मनरा शिसवा नगरपालिका-३ सोनौल बजारबाट स्रोत नखुलेको नगद ११ लाख ५१ हजार ३ सय रूपैयाँ सहित सम्सी गाउँपालिका-७ बस्ने गौतम साहलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरी र प्रहरी चौकी इटहर्वाकट्टीबाट

(बाँकी अन्तिम पृष्ठमा)

## मालिकलाई उन्मुक्ति, कामदारलाई सजाय

**बिर्तामोड, फागुन ८।** लागूऔषधको कारोबारमा संलग्न भएको आरोपमा पक्राउ परेका बिर्तामोड-५का भानुभक्त खरेलले सफाइ पाएका छन्।

झापा जिल्ला अदालतले खरेललाई निर्दोष ठहर गर्दै थुनामुक्त गर्न आदेश दिएको हो। अदालतको आदेशसँगै सोमबार खरेल कारागार मुक्त भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

खरेलको कामदारको रुपमा काम गर्दै आएका २५ वर्षीय बिनोद घिमिरेलाई भने अदालतले दोषी ठहर गरेको छ। न्यायाधीश लोकबहादुर हमालको इजालसबाट उक्त फैसला भएको जिल्ला अदालत झापाका सूचना अधिकारी रामचन्द्र बस्नेतले जानकारी दिए।

गतसाउन १ गते बिर्तामोड-५ मङ्गलदीप टोलस्थित मनकुमार संग्रौलाको घरमा खरेलले सञ्चालन गर्दै आएको



भाडाको गोदाममा प्रहरीले छापा मारेर ३५ लाखभन्दा बढीको ट्रामाडोल लगायत लागूऔषध बरामद गर्नुका साथै खरेलका कामदार घिमिरेलाई पक्राउ गरेको थियो। गोदाममा प्रहरीले छापा हानेसँगै फरार भएका खरेल जेन-जी आन्दोलन पश्चात घर आएको बेला भदौ २८ गते स्थानीयले पक्राउ गरी प्रहरीलाई जिम्मा लगाएका थिए।

नेकपा एमालेको भातृसंगठन राष्ट्रिय स्वास्थ्यकर्मी संघ झापाको उपाध्यक्ष समेत रहेका औषधि व्यवसायी खरेल पक्राउ परेसँगै वाईसीएल नेपाल लगायतले कडा कारबाहीको माग गर्दै आएको थियो।

# घोषणापत्रमा दलितः दुई कुरो, उही कुरो, छैन कार्यान्वयन

**काठमाडौँ, फागुन ८।** यतिबेला देश निर्वाचनमय भएको छ। प्रतिनिधिसभा निर्वाचनको समय फागुन २१ गते नजिकिँदै गर्दा राजनीतिक दलले विभिन्न नाम दिएर घोषणा-पत्र जारी गरेका छन्।

निर्वाचनमा प्रत्यक्षतर्फ ६८ राजनीतिक दलले भाग लिँदैछन्। यी सबैजसो दलका घोषणा-पत्रमा दलित समुदायको मुद्दा समावेश गरिएको छ। तर नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायत मुख्य ठूला राजनीति दलले 'प्रतिनिधित्व सुनिश्चित गर्ने' र 'छुवाछूत अन्त्य गर्ने' दुईवटा दलित समुदायको मुद्दालाई दोहोर्‍याएका छन्, पुरानै मुद्दा, पुरानै घोषणा-पत्रबाट साभार गरेका छन्।

देशको सबैभन्दा ठूलो, पुरानो, लोकतान्त्रिक पार्टी कांग्रेसले बुधबार सार्वजनिक गरेको 'प्रतिज्ञा-पत्र'मा 'दलितलाई पार्टी र राज्यका प्रत्येक तह र निकायमा प्रतिनिधित्व र पहुँचसँगै सामाजिक न्यायको सुनिश्चित गरिनेछ' भनेको छ। जुन कुरा यो पार्टीले २०७९ सालको घोषणापत्रमा पनि राखेको थियो। वि.सं. २०७९ को निर्वाचनमा




कांग्रेसले सार्वजनिक गरेको घोषणा-पत्रमा भनिएको छ- नेपालको संविधानको भावना र मर्मअनुसार दलितको राज्यका विभिन्न तह र निकायमा न्यायोचित प्रतिनिधित्व गराई समावेशिताको सिद्धान्त पालना गरिनेछ। तर विघटित प्रतिनिधिसभामा कांग्रेसले पाँच जनामात्रै दलित समुदायको प्रतिनिधित्व गराएको छ।

यो अवधिमा कांग्रेसबाट एकजना दलितले पनि मन्त्री बन्ने अवसर पाएनन्। त्यसैगरी कांग्रेसले पछिल्लोपटक सार्वजनिक गरेको चुनावी घोषणा-पत्रमा दलित समुदायले भोग्दै आएको 'छुवाछूत अन्त्य गर्ने' विषय आफ्नो पुरानै घोषणापत्रबाट साभार गरेको छ।

जुन कुरा २०६४ र २०७० सालको संविधानसभा निर्वाचनको घोषणा-पत्र र २०७४ सालको प्रतिनिधिसभा निर्वाचनको घोषणा-पत्रमा पनि समावेश छ। तर, दलित विषयवस्तुमा अध्ययन, अनुसन्धान र प्रकाशन गर्दै आएको समता फाउण्डेशनका अनुसार जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ लागू भए पनि पानी छोएको निहुँमा, अन्तरजातीय विवाह गरेका कारण वा चुलो छोएको निहुँमा १७ जना दलितले ज्यान गुमाउनुपरेको छ। जातीय कारण यो समुदाय विस्थापित हुनुपरेको छ। बहिष्करणमा परेका छन्।

दलित अभियन्ता पम्फा परियारले भनिन्- दलितको प्रतिनिधित्व गर्ने र छुवाछूत अन्त्य गर्ने विषय राजनीतिक पार्टीले हरेक निर्वाचनमा दोहोर्‍याएकै हुन्छन्, विडम्बना कार्यान्वयन गर्दैनन्। एमाले घोषणापत्रले भनेको छ- दलितको संरक्षण गर्ने, सम्मानजनक जीवन जिउन दिने, मानवीय मूल्यसहितको लोकतन्त्रको अभ्यास गरिने, जातीय

(बाँकी अन्तिम पृष्ठमा)

### ४१ दलले आयोगमा बुझाए चुनावी घोषणापत्र

**काठमाडौं, फागुन ८।** आसन्न प्रतिनिधिसभा निर्वाचनमा होमिएकामध्ये ४१ वटा दलले पार्टीको घोषणा-पत्र निर्वाचन आयोगमा बुझाएका छन्।

निर्वाचन आयोगले शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै ४१ वटा दलले पार्टीको घोषणापत्र बुझाएको जानकारी दिएको हो। आयोगले चार गते अगाडि नै घोषणा-पत्र बुझाउन भने पनि दलहरूले अहिलेसम्म पनि घोषणा-पत्र बुझाइरहेको आयोगकी सहायक प्रवक्ता सीता पुनले जानकारी दिइन्।

उम्मेदवारहरूको हकमा भने जिल्ला तहको

(बाँकी अन्तिम पृष्ठमा)



# मतदाता शिक्षासम्बन्धी टिकटक बनाउनुस्, ५० हजार जित्नुस्

**काठमाडौँ, फागुन ८।** तपाईँ टिकटक कत्तिको चलाउनुहुन्छ ? रमाइलोका लागि चलाउँदै आएका टिकटकलाई अब राष्ट्रिय रूपमा योगदान पनि गर्न सकिन्छ ।

राष्ट्रिय महायज्ञका रूपमा लिइएको निर्वाचनलाई टिकटक बनाएरै सहयोग गर्न सकिन्छ । यस्तै, त्यसबाट आकर्षक पुरस्कार समेत प्राप्त गर्न सकिन्छ । रमाइलोका लागि हेरिन वा बनाइने टिकटक बनाएर निर्वाचनको माहोल बनाउन, प्रचार-प्रसार गर्न र मतदाता शिक्षा प्रदान गर्न सकिनेछ । युवामाझ लोकप्रिय रहेको सामाजिक सञ्जाललाई आयोगले निर्वाचन प्रचारप्रसारका लागि प्रयोग गर्न लागेको छ ।

यही फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई केन्द्रमा राखेर आयोगले टिकटक भिडियो बनाउने निर्वाचनलाई केन्द्रमा राखेर निर्वाचन आयोगले टिकटक भिडियो बनाउने अभियान चलाउने भएको छ । राष्ट्रिय महत्वको निर्वाचनलाई भव्य, सभ्य बनाउनका लागि आयोगले टिकटक भिडियो बनाउने प्रतियोगिता सञ्चालन गर्ने भएको हो । निर्वाचन प्रचारप्रसार तथा मतदाता शिक्षाका लागि यस खालको प्रतियोगिता अगाडि बढाउन लागेको बताइएको छ ।

निर्वाचन आचारसंहिता तथा मतदाता शिक्षाजस्ता विषयमा आधारित भएर एक मिनेट बराबरको टिकटक भिडियो बनाइ आफ्नो सामाजिक सञ्जालमा राख्नुपर्ने छ । यही फागुन १७ गतेसम्म आयोगको इमेलमा समेत टिकटक पठाउनुपर्नेछ ।

आयोगमा प्राप्त भएका सबै टिकटक भिडियोमा सबैभन्दा बढी भ्युअर्स भएका टिकटकलाई आयोगले निश्चित रकम प्रदान गर्नेछ । आयोगले त्यस्ता टिकटकलाई धेरै भ्युअर्स भएका पहिलो टिकटकलाई रु. ५० हजार, दोस्रोलाई रु. ३० हजार र तेस्रोलाई रु. २० हजारका दरले पुरस्कृत गरी प्रमाण-पत्र प्रदान गर्नेछ । टिकटक भिडियो प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२को परिवेशमा तयार पार्नुपर्नेछ । भिडियो संवादमूलक एवम् सन्देशमूलक हुनुपर्नेछ । आफ्नै मौलिक, अडियो र अभिनय भएको भिडियोलाई विशेष प्राथमिकता दिइने आयोगले जनाएको छ ।

निर्वाचनको सामान्य जानकारी, निर्वाचनको आवश्यकता, महत्व र मतपत्रमा छाप लगाउने सही तरिका, निर्वाचन आचारसंहिताको पालना, मतदाताको अधिकार र कर्तव्यका बारेमा जानकारी दिइएको हुनुपर्नेछ । यस्तै, मतदाताको अधिकार र कर्तव्य, मतदाताले कस्तो उम्मेदवार छनोट गर्नुपर्छ भन्ने जानकारीजस्ता छुट्टाछुट्टै विषयवस्तुमा आधारित भएर भिडियो बनाउनुपर्नेछ ।

कुनै एक व्यक्तिले एउटा विषयमा एउटा भिडियो पठाउन सक्नेछन् । साथै दुई वा दुईभन्दा बढी व्यक्ति समावेश भएर भिडियो निर्माण गर्न सक्ने आयोगले जनाएको छ । त्यसरी प्राप्त भएका भिडियोमा आयोगको अधिकार रहनेछ ।

भिडियो सन्देशलाई आयोगले आफ्ना सामाजिक सञ्जालबाट प्रसारण गर्न सक्नेछ । तोकिएको शर्तहरूको पालना नभएका र म्याद नाघी प्राप्त भएका भिडियोहरू स्वीकार गरिनेछैन । उत्कृष्ट भिडियोको छनौट स्वतन्त्र विज्ञ तथा आयोगबाट हुने सूचनामा उल्लेख छ ।

# खुदुनाबारी कञ्चनजंघाको १७औं वार्षिकोत्सव

**अर्जुनधारा, फागुन ८।** झापाको अर्जुनधारा-१स्थित खुदुनाबारी कञ्चनजंघा अङ्ग्रेजी आवासीय विद्यालयको १७औं वार्षिकोत्सव शुक्रबार सम्पन्न भएको छ ।

विद्यालय प्राङ्गणमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्तबहादुर गोलेको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि वडाध्यक्ष उपेन्द्र बस्नेतले उद्घाटन गरेका थिए ।

सहायक प्रधानाध्यापक हेम लम्सालले विद्यालयको विविध विषयसहितको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा बिद्यार्थीहरुले गीत, नृत्य, भाषण कला, फेसन शो, मार्सल आर्ट आदि प्रस्तुत गरेका थिए । भीमले आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टंक बराल, अभिभावक लक्ष्मण खड्कालगायतले शुभकामना मन्तव्य राखेको कार्यक्रममा वडा सदस्यद्वय मदनकुमार लिमेल मगर र मुना खत्री, लोमस पब्लिक स्कूलका संस्थापक चन्द्र सुवेदी, विद्यालयका निर्देशक विक्रम गोलेलगायतको आतिथ्य रहेको थियो ।

विद्यालयकी संयोजक सुजू बम्जन गोलेले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन कृष्टिका तामाङ र संयोग खड्का, कृष्टिका कार्की र स्मारिका गुरुङ तथा प्रतिष्ठा भण्डारी र रोमन लुईँटेलले गरेका थिए ।

## ४१ दलले ...

निर्वाचन कार्यालयमा बुझाउन सक्ने व्यवस्था रहेकाले पूर्ण विवरण आउन बाँकी रहेको उनले बताइन् । सहायक प्रवक्ता पुनले प्रत्यक्षतर्फको १६५ निर्वाचन क्षेत्रको सबै मतपत्र छपाई सम्पन्न गरी प्याकिङको काम सकिएको र समानुपातिकतर्फ सुदूरपश्चिम, कर्णाली, कोशी प्रदेशमा ढुवानी गरिसकेको जानकारी दिइन् । उनले निर्वाचनका लागि छापिएका नमूना मतपत्रहरू लिएर आयोगका स्वयम्सेवकहरूले मतदातालाई मतदान शिक्षा प्रदान गरिरहेको उल्लेख गरिन् ।

त्यस्तै उनले निर्वाचन प्रचारप्रसारका लागि उम्मेदवारले बैंक खाता खोल्नुपर्ने प्रावधान रहेकोमा हालसम्म सात वटा राजनीतिक दल र ८ हजार ८ सय ६७ उम्मेदवारले निर्वाचन बैंक खाता खोलेको रिपोर्ट प्राप्त भएको बताइन् । उनले यस हप्ता सार्वजनिक बिदा धेरै परेकाले अर्को हप्ताको आइतबार र सोमबार बैंक खाता खोल्ने उम्मेदवारको संख्या निकै बढ्न सक्ने आयोगको अनुमान रहेको बताइन् । सहायक प्रवक्ता पुनले निर्वाचन आयोगले तयार गरेको कार्यतालिका बमोजिम नै निर्वाचनको तयारीका काम अघि बढिरहेको जानकारी दिइन् ।

## स्रोत ...

खटिएको प्रहरीले पोखरभिण्डबाट सोनौल बजारतर्फ आउँदै गरेको म.प्र.०२-००९ प १५१७ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त नगद सहित फेला पारी पक्राउ गरेको हो ।

## अमेरिका ...

लाख ३० हजार रकम लिई सम्पर्कविहीन भएको उजुरीका आधारमा पक्राउ गरिएको हो ।

निजलाई ललितपुर महालक्ष्मी नगरपालिका-४बाट पक्राउ गरी थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौँ पठाइएको प्रवक्ता कार्कीले जानकारी दिए ।

## सीके ...

इमान्दारिता जरुरी छ ।'

नेपाली कांग्रेस कोशी प्रदेशका सभापति उद्धव थापाले 'नेताको बोली बन्दुकको गोलीभन्दा बलवान हुन्छ' भन्ने धारणा सी.के प्रसाईले राख्ने गरेको स्मरण गर्दै यो विचार जहिल्यै सान्दर्भिक रहने चर्चा गरे । कुनै राजनीतिक योगदान नभएका व्यक्तिहरु सामाजिक सञ्जालबाट राजनीतिमा उदाउने प्रयास गरिरहेको सभापति थापाले बताए ।

कार्यक्रममा नेपाली कांग्रेस पूर्व केन्द्रीय सदस्य एवम् झापा क्षेत्र नं-२ का प्रत्यक्षतर्फका उम्मेदवार सरिता प्रसाईले सी.के. प्रसाईंको विचार पढेर थुप्रै मानिसहरु प्रजातान्त्रिक समाजवादी विचारधारामा आबद्ध भएको बताउँदै उहाँको नाममात्रले पनि आफू समेत विभिन्न ठाउँमा सम्मानित भएको बताइन् ।

कार्यक्रममा 'सि.के.प्रसाईको व्यक्तित्व र प्रजातान्त्रिक समाजवाद' का विषयमा केन्द्रित रहेर बोल्दै पूर्वमन्त्री खगेन्द्र प्रसाईले आफ्नो आस्था नमिले पनि सी.के. प्रसाईको विचार, व्यक्तित्व र इमानले सबै आस्थाका मानिसहरुलाई एकै ठाउँमा उभ्याएको चर्चा गरे ।

कार्यक्रममा बरिष्ठ अधिबक्ता लीला उदासीले सी.के. प्रसाईको व्यक्तित्व प्रजातान्त्रिक समाजवादले अंगिकार गरेको नीति अनुसारकै रहेको चर्चा गर्दै वी.पी. कोइराला, तुर्सा हेमरमको नाम नजोडी सी.के.को व्यक्तित्व अपुरो रहने धारणा राखे ।

सी.के. चिन्तन प्रतिष्ठानका पूर्व अध्यक्ष एवम् साहित्यकार कृष्ण धराबासीले प्रतिष्ठान स्थापना र सी.के. प्रसाईका विचारहरु पुस्तक प्रकाशनको ऐतिहासिक पक्ष बताउँदै निर्वासनको सजाय भोगिरहेका व्यक्ति सी.के. प्रसाईंसँग विवाह गरेर उनको राजनीतिक सफलतामा गिरिराजकुमारी प्रसाईंको योगदान उत्तिकै चर्चायोग्य रहेको बताए । अर्का बक्ता एवम् अधिवक्ता लक्ष्मी खनाल कोइरालाले सी.के.को सरल राजनीति पुस्तक सबैले पढ्नुपर्ने बताउँदै त्यहाँभित्रका अधिकांश विचारहरु अहिलेपनि समय सान्दर्भिक रहेको उल्लेख गरिन् ।

कार्यक्रममा प्रजातान्त्रिक आन्दोलनका अग्रज योद्धा एवम् प्रसाईका समकालीन राजनीतिज्ञ डिल्लीप्रसाद सिटौलालाई सम्मान-पत्र एवम् नगदसहित सम्मान गरिएको थियो ।

प्रतिष्ठानका अध्यक्ष टीकाप्रसाद प्रसाईंको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत एवम् औचित्यमाथि प्रकाश उपाध्यक्ष सजेश शिवाकोटीले पारेका थिए । प्रतिष्ठानका महासचिव इन्दु पूर्वेलीले सञ्चालन गरेको कार्यक्रममा सम्मान-पत्र सचिव खगेन्द्रप्रसाद प्रसाईले वाचन गरेका थिए ।

कार्यक्रममा प्रतिष्ठानका संरक्षक विवेककेशरी प्रसाई, संगीता प्रसाई, शहीदपिता केदार समशेर गिरी, साहित्यकार पुण्य खरेल, नेपाली कांग्रेस कोशी प्रदेश सदस्य रञ्जिता कार्की, महासमिति सदस्यहरु जलकुमार गुरुङ, सीता पौडेल, दीपेन्द्र ढकाल, महाधिवेशन प्रतिनिधिहरु भीम राजवंशी, खगेन्द्रविक्रम नेम्बाङ, बडाराम हेमरम, भुमादेवी घिमिरे, नेपाल प्रेस युनियन केन्द्रीय सचिव रेजिना गौतम, नेपाल ट्रेड युनियन कांग्रेस केन्द्रीय सदस्य उर्मिला ढकाल पोखरेल, समानुपातिक सांसद पदका उम्मेदवार मनुमाया विश्वकर्मा, खगेन्द्र मैनाली, जिल्ला सदस्य एवम् विभिन्न संघ-संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको प्रतिष्ठानका कोषाध्यक्ष कञ्चना ढकाल सिटौलाले जानकारी दिइन् ।

## घोषणा-पत्रमा ...

विभेद र छुवाछूतको अन्त्य र सामाजिक समावेशिता प्रवर्द्धन गर्दै मर्यादित जीवनस्तर र सबैका लागि न्याय सुनिश्चित गरिनेछ । जुन विषय एमालेको पुराना चुनावी घोषणा-पत्रमा पनि भेटिन्छ । यो पार्टीबाट पनि विघटित प्रतिनिधिसभामा छ जनामात्र दलितको प्रतिनिधित्व थियो । यो बीचमा एमालेले पनि दलितलाई क्याबिनेट मन्त्री बनाउन सकेन ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले आफ्नो घोषणापत्रमा 'राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपले बहिष्करणमा परेका वा पारिएका दलितलाई राज्यका सबै अङ्ग, तह र समानुपातिक समावेशीकरणको प्रत्याभूति दिलाउने, अधिकार र अवसरमा समानता तथा सहभागिता सुनिश्चित गर्ने' उल्लेख गरेको छ । यो पार्टीबाट पनि दुई जना दलितको प्रतिनिधिसभामा प्रतिनिधित्व थियो । यो पार्टीले पनि दलितलाई क्याबिनेट मन्त्री बनाएन ।

रास्वपाले पनि दलितको सवालमा आफ्नो चुनावी नागरिक करारपत्र/बाचापत्रमा 'प्रचलित कानून र संविधानको मर्म अनुसार आरक्षण तथा समावेशिताको व्यवस्था सुनिश्चित गर्दै दलित समुदायमाथि भएको जातीय विभेद अन्त्यका लागि अझ ठोस कानूनी, नीतिगत र संस्थागत सुधार अघि बढाइने' भनेको छ । यो पार्टीमा दलितबाट दुई जना सांसद बनेका थिए । तर, यो पार्टीले पनि दलितलाई मन्त्री बनाउन भने सकेन ।

राप्रपाले पनि दलित समुदायको प्रतिनिधित्व बढाउने र छुवाछूत अन्त्य गर्ने विषय पुरानै घोषणा-पत्रबाट उतारेको छ । दलित आन्दोलनका अगुवा पदम सुन्दासले राजनीतिक दलले पटक-पटकको चुनावमा दलित सुमदायका यी दुई मुद्दालाई उठाउँदै आए पनि कार्यान्वयन नगरेका कारण घोषणापत्रमै कार्यान्वयनको अवधि पनि समावेश गर्नुपर्ने धारणा राखे । राजनीतिक दलले दलित समुदायबारे संवैधानिक अधिकारलाई 'दलितसम्बन्धी एकीकृत कानून' बनाएर प्रभावकारी कार्यान्वयन गर्न सकेको खण्डमा दलितको धेरै समस्या समाधान हुने उनको भनाइ छ ।

घोषणा-पत्रमा दलितको प्रतिनिधित्वको विषय उठाउँदै गर्दा राज्यका निकायमा उनीहरूको प्रतिनिधित्वको अवस्था अत्यन्त कमजोर देखिन्छ । दलित समुदायबाट राष्ट्रियसभामा छ जना, विघटित प्रतिनिधिसभामा १६ जना, समग्र प्रदेशसभामा ३० जना, निजामती सेवामा २.११ प्रतिशत, न्यायपालिका र परराष्ट्र सेवामा करिब एक प्रतिशत र राजनीतिक दलहरूमा औसत ५-९ प्रतिशत छ ।

तर, निर्णायक तहमा अत्यन्त न्यून प्रतिनिधित्व छ । जबकि दलित समुदायको जनसंख्या १३.४ प्रतिशत छ । अहिले पनि ४२ प्रतिशत दलित समुदाय गरिबीको रेखामुनि छ । यो तथ्याङ्कले पार्टीको घोषणा-पत्र, संविधानको समावेशी चरित्र र व्यावहारिक कार्यान्वयनबीच गहिरो अन्तर देखाउँछ ।

## निर्वाचनको ...

मागसहित ज्ञापनपत्र बुझायो । विभिन्न माध्यमबाट संवाद प्रयास गरिए । तर आन्दोलनकारीको भनाइमा आश्वासन बाहेक ठोस निर्णय आएन । स्थानीय संरक्षणकारीहरूको निष्कर्ष छ- सरकार फेरिए पनि राज्यको दृष्टिकोण परिवर्तन भएन । गतमाघ महिनादेखि केबलकार खारेजीको माग गर्दै आन्दोलनको अर्को चरण शुरू गरिएको छ । आन्दोलनलाई चुनाव-केन्द्रित बनाउँदै संरक्षणकारीहरूले विभिन्न कार्यक्रम सार्वजनिक गरेका छन् ।

आन्दोलन अध्ययनका क्रममा घटनास्थल पुगेका पत्रकार तथा अधिकारकर्मीहरूले संघीय सरकारको निर्देशनमा सुरक्षाकर्मी व्यापक रूपमा परिचालन गरिएको बताएका थिए । माघ १३ मा फुङ्लिङ पुग्दा सुरक्षा व्यवस्था अझ कडा बनाइएको थियो । यसपाली नेपाली सेना समेत तैनाथ गरिएको थियो ।

सञ्चारकर्मी र अनुसन्धानकर्तालाई केबलकारको 'बटम' र 'टप स्टेशन' क्षेत्रमा जान रोक लगाइएको थियो । सुरक्षाकर्मीहरूले 'माथिको आदेश' भन्दै प्रवेश निषेध गरेका थिए । जेन-जी अभियानका अगुवा उपार्जुन चाम्लिङसहितको टोलीले अवलोकन अनुमति माग्दा पनि प्रवेश दिइएन । सेना तैनाथ गरिए पनि यस वर्ष गत सालजस्तो हिंसात्मक घटना दोहोरिएन । संयुक्त संघर्ष समितिले साताव्यापी रचनात्मक विरोध कार्यक्रम सञ्चालन गर्‍यो ।

आमसभामा आन्दोलनका अगुवाहरूले पहिचान, आस्था र सांस्कृतिक अधिकारको मुद्दा निरन्तर उठाइ रहे । विभिन्न राजनीतिक दलका उम्मेदवारलाई आफ्नो मुद्दामा प्रतिबद्ध बनाउने प्रयास गरियो । कलाकारहरूले सांस्कृतिक प्रस्तुति र सिर्जनात्मक प्रदर्शनमार्फत बिरोध जारी राखे ।

मुक्कुमलुङको आन्दोलन अहिले केवल केबलकारको बिरोधमा सीमित छैन । यो पहिचान, विश्वास र राज्यसँगको सम्बन्धबारे उठेको गहिरो प्रश्न बनेको छ, जहाँ आन्दोलनकारीको आवाज छ- सरकार फेरियो, तर रबैया फेरिएन । पछिल्लो समय उम्मेदवारहरु मत माग्न जाने क्रममा ताप्लेजुङवासीको एउटै आवाज छ- मुक्कुमलुङको विषय के गर्ने ?

## प्रहरी ...

कम्पाउण्डभित्र रहेको कम्प्युटर टेबल समेत तोडफोड गरी क्षति पुऱ्याइएको छ ।

कुटपिटमा संलग्न तीनैजनालाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ । घाइते राईको बीएण्डसी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । प्रहरी चौकी तोडफोडमा संलग्न अन्य व्यक्तिहरू फरार रहेको र उनीहरूको खोजतलास जारी रहेको प्रहरीले जनाएको छ ।

पार्टी प्यालेस सञ्चालक खड्काले सुधार केन्द्र समेत सञ्चालन गर्दै आएका र यसअघि पनि पटक-पटक यस्तै प्रकृतिका उपद्रोमा संलग्न रहेको प्रहरी स्रोतले जनाएको छ ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८२/११/०९**

**यस कम्पनीको मिति २०८२/१०/११ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिकको कम्पनी मिसन यु. एस. ए. एजुकेशन विर्तामोड प्रा.लि. (प्रा.लि. नं. ३६७९९३) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/११/०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी देवर्षी एजुकेशन विर्तामोड प्रा.लि. कायम गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

**वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा**

**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- **प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म**
- **पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा**

**हाम्रा सेवाहरु**

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




**सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६**

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com


## पूर्वनेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.
Purbanepal Bahu-uddeshyiya Sahakari Sanstha Ltd.

## लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**(प्रथमपटक प्रकाशित मिति २०८२/११/०९ )**

**यस संस्थाबाट ऋणी सदस्यहरूले बिभिन्न ऋण शीर्षक अन्तर्गत उपभोग गर्दै आएको कर्जा बापत संस्थालाई समय समयमा बुझाउनुपर्ने साँवा, ब्याज तथा अन्य दैदस्तुर नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्तहरूको उल्लंघन गरेको र पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरेकोले ऋणी, धनजमानी एवम् कर्जासँग सम्बन्धित सबैलाई कर्जा चुक्ता गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थाको सम्बन्धित सेवा केन्द्रमा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज र अन्य दैदस्तुर चुक्ता गर्नु/गराउनु होला । अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी ऋणी, धनजमानीकर्ता लगायत कर्जासाग सम्बन्धित सबै पक्षलाई कालोसूचीमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरूप संस्थालाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम अशुल उपर गर्नेतर्फ आवश्यक कारबाही अघि बढाउने व्यहोरा सूचित गरिन्छ, साथै धितो सुरक्षणको लिलाम बिक्री हुन नसकि संस्थाले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट संस्थाको सम्पूर्ण बक्यौता असुल उपर नभएमा अशुल हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी, धनजमानीकर्ता साथै कर्जासाग सम्बन्धित व्यक्तिहरूको घर घरानाबाट असुली गर्न कानूनी प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत सूचित गरिन्छ ।**

**तपशिल**

| क्र.सं. | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजे/पति/पत्नीको नाम | व्यक्तिगत जमातनत/धनजमानी दिने व्यक्ति | कार्यालय | जग्गाधनीको नाम | साविक जग्गाको ठेगाना | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | रतन राई | दमक-१५, झापा | डम्बरबहादुर राई | रत्नबहादुर राई | डम्बरहादुर राई | दमक | रतन राई | तोपगाछी-६, झापा | ५५५१ | ०-६-१९-० |
| २. | ममता सिंह राजपुत | दमक-७, झापा | रामशीष सिंह राजपुत | कृष्णदेव सिंह राजपुत | - | दमक | ममता सिंह राजपुत | मधुमल्ला (दमक-९, झापा) | १३५३ | ०-०-११.२५-० |
| | | | | | | | | तोपगाछी-४, झापा | २३४ | ०-३-०-० |
| ३. | यन्जुक कार्की | कमल-४, झापा | योगराज कार्की | नरबहादुर कार्की | योगराज कार्की | दमक | योगराज कार्की | तोपगाछी-४, झापा | ६०८ | ०-५-१२-० |
| | | | | | कमल नेपाल | | | | ६०७ | ०-३-६-० |
| | | | | | राकेश थापा | | | | ३०३ | ०-६-३-० |
| | | | | | विप्लप थापा | | | | ६१० | ०-४-२-० |
| ४. | टिका बस्नेत | सराडडाँडा-५, पाँचथर | तिलबहादुर बस्नेत | डिल्लीप्रसाद बास्तोला | डिल्लीप्रसाद बास्तोला | दमक | टिका बस्नेत | तोपगाछी-५, झापा | ६७७१ | ०-०-१०-० |
| ५. | विक्रम कालाखेती | महारानीझोडा-८, झापा | भक्तबहादुर कालाखेती | वरिबहादुर कालाखेती | - | दमक | विक्रम कालाखेती | दमक-७, झापा | २०६७ | ०-०-८.७५-० |
| ६ | प्रेरणा गजुरेल घिमिरे | बिर्तामोड-४, झापा | जगन्नाथप्रसाद गजुरेल | सन्तोष घिमिरे | सन्तोष घिमिरे | बिर्तामोड | प्रेरणा गजुरे घिमिरे | अनारमनी-४, झापा | ११७ | २०३.७१ व.मी. |
| ७ | तीर्थराज रेग्मी | दुगौली-२, कैलाली | झनकदत्त रेग्मी | गंगाप्रसाद रेग्मी | जीवनकुमार रिजाल | बिर्तामोड | तीर्थराज रेग्मी | सुरुङ्गा-३, झापा | २२२५ | ४२३.२८ व.मी. |
| ८ | विष्णुप्रसाद रेग्मी | दमक-१९, झापा | पुष्पप्रसाद मिश्र | त्रिलोचन मिश्र | अनामिकादेव मिश्र | बिर्तामोड | अनामिका देव मिश्र | अनारमनी-३, झापा | ३२ | २५३.९५ व.मी. |

**सञ्चालक समिति**

## अर्जुनधारा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल**

## सँधियारका नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ०६ लोकनाथ श्रेष्ठको नाममा दर्ता रहेको तपशिल बमोजिमको जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा नक्सा घर नक्सा पेश गर्नु भएकोमा तपाई संधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१को उपदफा 'क' प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिदिनुहुन अनुरोध छ ।

तपशिल

१. पूर्व तर्फ :- श्री लक्ष्मी प्रसाई २. पश्चिम तर्फ :- श्री देवीलाल घिमिरे

३. उत्तर तर्फ :- श्री बलबहादुर श्रेष्ठ ४. दक्षिण तर्फ :- बाटो

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | सर्जमिन मिति | प्रकाशित मिति |
|---|---|---|---|---|
| अर्जुनधारा-०६ | १९३५९ | ०-२-११ | २०८२।११।०५ | २०८२।११।०९ |

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com




कथा

# रिठेको राजनीति

**मानबहादुर चौधरी 'पन्ना'**

हिजोअस्तिका दिनसम्म सुनसान देखिने गैरी भञ्ज्याङ गाउँमा फेरि चहलपलह बढेको थियो । गाउँका टाठाबाठाहरु चलमलाउन थालेका थिए। किनकि उनीहरुको कमाइ हुने दिन नजिकिँदै थियो। देशभर चुनावको महामेलाको समय थियो। अघिल्लो चुनावमा गैरी भञ्ज्याङका रिठेले तीन पार्टीबाट मनग्य आम्दानी गरेको कुरा चुनाव सकिएको करिब वर्ष दिनपछि थाहा भएको थियो। उसलाई पैसो दिएका पार्टीका नेताबाट नै यो कुरा गाउँले युवाहरुले थाहा पाउँदा निकै पछुताएका थिए।

रिठेले प्लस टु गरी १८ महिने सब इञ्जिनियर प्राविधिक शिक्षा पनि उत्तीर्ण गरेको थियो। २०७२ सालमा नेपालको गोर्खाको बारपाकमा केन्द्रबिन्दु बनाएर गएको भूकम्पका कारण सोही बेला भूकम्पपीडित मानिसका भत्किएका घरको पुनर्निर्माणका लागि सरकारले अस्थायी करारमा विभिन्न जनशक्तिको व्यवस्थापन गर्ने क्रममा उसले जागिर पाएको थियो। केही समयपश्चात् ऊ जागिरबाट निस्केपछि व्यापार व्यावसायमा पनि हात हालेको थियो। व्यापारमा पनि लगानी डुबेपछि ऊ राजनीतिमा हाम फालेको थियो। आजभोलि उसको निकै फस्टाएको व्यापार राजनीति भएको छ, लगानी बिनाको आम्दानी। हरेक चुनाव उसको लागि कमाइ गर्ने मौसम नै बनेर आउँछ।

देशका मुख्य दल मानिएका सबै दलसँग सेटिङ मिलाउन माहिर खेलाडी हो रिठे। उसको सेटिङमा माझ गाउँका दलबिरे र तल्लो गाउँका लालबिरे पनि सामेल छन्। उसले माझ गाउँका दलबिरेलाई एउटा पार्टीको मोर्चा सम्हाल्न लगाएको छ भने लालबिरेलाई अर्को मुख्य दलको पार्टीको सेटिङमा लगाएको छ। यी तीनै जना हुन्, गाउँलेलाई गुमराहमा राख्ने पात्र। विचरा ! गाउँका सिधासादा गाउँलेहरुले यो कुराको भेउ नै पाउँदैनन्।

जगबिरे काँइलाका छोरा रिठेको गाउँलेलाई हरेक चुनावमा आफूले सेटिङ मिलाएको नेतालाई मत दिन सहमत गराउने र मोटो रकम असुल्ने उसको विशेषता थियो। नेतालाई गाउँमा ल्याएर खानेपानीको बोरिङ खनाउने, घर अगाडिको बाटो बनाउने, कालोपत्रे गर्ने, नाला निर्माण, विद्यालयको भवन यस्तै-यस्तै माग पनि उठाउँथ्यो, रिठेले। यसरी गाउँलेहरु भरोसा गरेर रिठेलाई नै गाउँका नेता पनि मान्थे र उसले भनेको दल र नेतालाई मत दिन्थे।

गैरी भञ्ज्याङ गाउँमा अर्को एकजना सामान्य व्यापारी रङ्बिर पनि थिए। गाउँमा सबैजसो इमानदार मानिस बस्थे। तर, झुपबहादुरको छोरा रङ्गबिरको चाहिँ भिन्न तर्क राख्थ्यो। रङ्गबिर सहकारीबाट ऋण गरेर सानोतिनो व्यापार गरेर जीवन गुजारा गरेका थिए। उसका कुरामा गाउँका केही युवा पुस्ताले विश्वास गर्थे। उसले राजनीति नगरे पनि नेपालको राजनीति राम्रैसँग बुझेको थियो। वर्षौंदेखि देशमा राजनीतिक अस्थिरताले गाउँका सयौ युवाहरु विदेशिनु, उद्योग कलकारखाना नहुनु, कृषिमा आधुनिकीकरण नहुनु, गाउँका दाजुभाइका कृषि उत्पादनले बजार नपाउनु, बाटोघाटको विकास नहुनुले गाउँलेहरु दुःख पाएको यथार्थ ऐना जस्तै छर्लङ्ग थियो। तैपनि रिठेले नानाभाँती प्रलोभनमा गाउँको मन जितेर आफ्नो दुनो सोझ्याउने काम वर्षौंदेखि गर्दै आइरहेको थियो।

यसै क्रममा चुनाव पनि नजिकिँदै थियो। रिठेको गाउँघरतिरको दौडधुप पनि बढ्न थालेको थियो। उसले गाउँलेहरुलाई यस पटक पनि आफ्नो पक्षकोलाई मत हाल्नका लागि के गर्ने भन्ने उपाय सोच्दै थियो। उसले गाउँको भेला बोलायो र भन्यो- 'हेर्नुस् गाउँले दाजुभाइ, दिदीबहिनी तथा आमाबुवाहरु यस पटक पनि हाम्रा नेता चुनावमा उठ्या छन्। अब छिट्टै चुनाव पनि नजिकिँदैछ। तपाईहरु कत्ति पनि दोधारमा नपर्नुहोला। मैले भनेको चुनाव चिन्हमा झ्याप्प छाप लगाउनु होला। विकासका लागि एकदमै राम्रो उम्मेदवार छन्।'

त्यो भेलामा रङ्गबिर पनि उपस्थित थियो। उसले भन्यो- 'रिठे दाइले भनेको कुरामा विश्वास गरिहाल्नु उचित छैन। बरु चुनावमा उम्मेदवारी दिएका कुन नेता हुन् ? कस्ता एजेण्डा छन् ? पुराना दल, नयाँ दल भन्छन्। पहिला सांसद बनेका हरिबहादुर जस्तै गफाडी र काम नगर्ने पो हुन् कि ? गाउँलेका लागि यो बनाइदिन्छु, त्यो गरिदिन्छु भन्दै बकम्फुसे रहेछ भने पाँच वर्ष व्यर्थै जान्छ। देशले पनि गति लिन सक्दैन। हामीलाई त भड्खालोमा पार्छ पार्छ। देश पनि डुबाउन सक्छ। साथीहरु हो, यसपालिको चुनावमा नयाँ ढङ्गले सोच्ने हो कि ?' उक्त भनाईले गाउँका केही मानिसहरु सहमत भए। केही दिन पछि गाउँमा छुट्टै भेला गरियो।

चुनावको प्रचारप्रसारको क्रममा केही दिन सदरमुकाम गएको थियो रिठे। ऊ राजनीतिक दलका ठूला भनाउँदासँग कसरी मोटो रकम असुल्न सकिन्छ भन्ने ध्याउन्नमा त्यता पसेको थियो। ऊ गाउँमा फर्केपछि माझ गाउँका दलबिरे र तल्लो गाउँका लालबिरेसँग पनि गोप्य बसाइँ गरिसकेको थियो। आफूहरु बिरुद्धमा रङ्गबिर गाउँमा गाउँलेलाई भड्काएको आरोप लगाएर आफ्नो गाउँमा दलबिरे र लालबिरेलाई मतदातालाई रकम बाँड्ने, भोजभतेरको चाँजोपाँजो मिलाइसकेको थियो।

गैरी भञ्ज्याङ गाउँमा दलबिरे र लालबिरे कन्सुत्ला झैं गाउँलेलाई रङ्गबिरबिरुद्ध उक्साए। नेताबाट पैसा खाएर गाउँमा व्यापार गरेको सम्म भन्न भ्याए। गाउँमा खान पल्केका केही खन्चुवा ब्वाँसाहरु थिए। चुनावमा पुरानै नेता हरिबहादुर उठेका थिए। गाउँलेसँग उम्मेदवारीको साक्षात्कार गराए मत गुम्ने पक्कापक्की थियो। किनकि हरिबहादुर त्यो क्षेत्रबाट पटक-पटक चुनाव जितेर पटक-पटक मन्त्री पनि बनिसकेका थिए। दुर्भाग्य त्यो गाउँमा चुनाव जितेपछि न विकास गरे न फर्केर आए, मात्र चुनावका बेला आउने गर्थे।

रिठेले माझ गाउँका दलबिरे, तल्लो गाउँका लालबिरेको सेटिङमा गाउँलेलाई आफ्नो पक्षमा ल्याउन गाउँका वृद्ध बुवाआमाको खुट्टे ढोगेर आफूले भनेकै पार्टी र नेतालाई मत हाल्न वाचा कसम खान पनि भ्यायो। गाउँमा विभिन्न दलका नेता कार्यकर्ता आउने जाने क्रम बढेकै थियो। सुनसान गाउँमा घोषणा पत्र, पर्चा पम्पलेट लिएर द्वाङ फुक्थे। आ-आफ्ना दलका नेतालाई लिएर कार्यकर्ताहरु जनतासँग मत माग्दै नारावाजी गर्थे। गाउँमा जात्रा मेला चलेको छ, जस्तो लाग्थ्यो। रिठेले पार्टीका नेताबाट सदरमुकाम गएको वेला रकम असुली सकेको रहेछ।

एकदिन रिठेले आफ्नो घरमा गाउँमा भोजभोतेरको आयोजना गरेको थियो। उक्त भोजमा गाउँमा को-को विरोधी छन् ? तिनलाई मासुभात, वियर खुवाएर विरोधी युवालाई आफ्नो बनाइ छाड्यो। उता गाउँका सोझा दिदीबहिनीलाई गुन्यूचोली, चप्पल पाएर मख्ख थिए। रिठे र उसका साथी दलबिरेले राती राती गुन्युचोली, चप्पल दिने क्रममा साइली पुकुली बज्यैलाई एकै गोडाका एक जोर चप्पल परेछ। भोलिपल्ट बिहानै दाहिने दाहिने चप्पल लगाएर निकै खुशीका साथ रङ्गबिरको पसलमा पुगेकी थिइन् पुकुली बज्यै। उनी नयाँ एक हजार रुपैयाँको नोट दिएर एक पाकेट बिंडी मागेकी रहेछिन्। रङ्गबिरले पुकुली बज्यैको खुट्टामा दुबै दाहिने दाहिने चप्पल देखेपछि अचम्म पर्दै सोधेछन्- 'पुकुली बज्यै भोट हाल्न जानलाई नयाँ चप्पल किनेर ल्याउनु भएछ कि क्या हो ?'

'का किन्नु नाति आज राती त्यै रिठेले दिया त हो नि। मैले भन्या ठाउँमा भोट हाल्नु भन्दै थियो। बुहारीलाई पनि नयाँ गुन्यू चोली दियो। छोरोलाई त वियर पनि खुवाएछ मोराले। अस्ति घरदैलो कार्यक्रममा नयाँ नेतालाई ल्याएर भेटघाट गरायो। यसपालि त नेता पनि नयाँ रहेछन् नाति।'

रङ्गबिर अक्मकियो। किनकि त्यही पुरानै दलका भ्रष्ट नेता उनै हरिबहादुर चनावमा टिकट पाएका थिए। गाउँमा हरिबहादुर छिरेकै थिएनन्। रिठेले हरिबहादुरलाई गाउँले भोट दिदैनन् भनेर सेटिङमा एकजना नयाँ अनुहारका अरुलाई नेता बनाएर घर-घरमा भेटाएका रहेछन्। उनी पुकुली बज्यैलाई ए ए भन्दै एक पाकेट बिंडी पनि दिए। रिठेको यस्तो चाला खासै नौलो होइन। अघिल्लो वर्ष गाउँमा आएको सडक मर्मत नाला निर्माण योजनामा आफ्नै श्रीमतीलाई अरुको श्रीमती भनी कोषाध्यक्ष बनाएको थियो र आफू अध्यक्ष भएर लाखौ रकम हसुरेको थियो। पुकुली बज्यै प्रायः घरकै काँचो पातको तमाखु खाने गर्थिन्। आज एकाबिहानै त्यो पनि हजारको नयाँ नोट लिएर पसलमा बिंडी किन्न आएकोमा अचम्मित परे रङ्गबिर।

ठट्टा गर्दै रङ्गबिरले भने- 'यो त हातै काट्ने जस्तो नयाँ नोट दियौ, बज्यै भत्ता बुझ्नु भो कि क्या हो।'

'का बुझ्नु नाति। यै चप्पल दिन आ बेला त्यो रिठेले त दिएको हो नि। अघि भने त भोट माग्न आयाथ्यो भनेर।'

रङ्गबिरले उत्सुकतापूर्वक सोध्यो- 'कति दिएछन् त रिठे दाइले।'

'खै, के भनु नाति मलाई त यै एउटै दिए। छोरा बुहारीसँग खासखुस कुरा गर्दै यस्तै पाँच सात वटा गनेको देख्या थे।'

रङ्गबिरले गाउँमा केही युवा जम्मा गरेर यसबारे बुझ्न कोशिस गर्यो। जो-जो विरोधी थिए, ती सबै अब रिठेका भइसकेका थिए। यो सब सेटिङमा भएको थियो। ती परिवर्तन चाहनेहरु पनि रङ्गबिरका खिल्ली उडाइरहेका थिए। यसले गर्दा रङ्गबिरको अनुहारको रङ उडिसकेको थियो। अघिल्लो चुनावपछि पनि गाउँमा विकासको योजना आएको रहेछ। त्यो पनि लालबिरे, दलबिरेको सेटिङमा कागजी विकास गरी करोडौंको बजेट कुम्ल्याएको रहेछ रिठेले। यसरी सेटिङमा कति दिन देश चल्ने हो भनी रङ्गबिर निराश हुँदै घरतिर लाग्यो।

(कथाकार 'पन्ना'को थारु भाषामा 'ककनदरान छोटकी' कथा संग्रह प्रकाशित छ।)

---

## गीत/कविता

### गीत



**नवशिला**

फूलको चोट भमराले देख्छ होला नि
फूलले पनि पिरको कथा लेख्छ होला नि ?

कोपिलामै चुँडिनुको दुखाई कस्तो हुन्छ
निमोठिँदा आर्तनादको रूवाइ कस्तो हुन्छ ।
कहिले घाम, कहिले पानी, हावा अनि हुरी
साथमै हुन्छ सुबास सधैँ, हुन्न फूलको दूरी

फूलले पनि मनमा चोट राख्छ होला नि
देवी अनि देउरालीलाई भाक्छ होला नि ?

सुखमा'नि फुल्छ फूल, पिरमा पनि फुल्छ
सजिएर यौवनाको शिरमा पनि फुल्छ
बिर्सिएर ओइलिनुको पिर र व्यथालाई
डाली-डाली मुस्कुराउँछ मिठो गीत गाई

फूलले पनि मिठो सपना देख्छ होला नि
हर पत्रमा आफ्नो कथा लेख्छ होला नि ?

*बेलबारी- २, नवदेव मार्ग, लालभित्ती, मोरङ*

### प्रहरी



**प्रदिप ओडारी (ब्याकुल कान्छा)**

अनुशासन हाम्रो प्राण हो प्रहरीको शान
सत्य, सेवा र सुरक्षा सधैँ हाम्रो अभियान

जनताको विश्वासले हामी कर्तव्यमा खडा,
अपराधी जहाँ भागे पनि कानूनले समात्छ सदा

हिमाल, पहाड र तराई जोडिएर बनेको संगठन
परिवारबाट टाढा रहेर राष्ट्रसेवामा हुँदैछ अर्पण

सत्यम्, शिवम्, सुरक्षणम नेपाल प्रहरी सर्वोत्तम्
हिमालको काखमा छ हाम्रो देश नेपाल
अनुशासन कर्तव्य र निष्ठाले मात्र हुन्छ प्रवेश ।

***बिर्तामोड-१, झापा***


---

निबन्ध

# ईश्वरको रूप



**जेबी खत्री**




ईश्वर, भगवान, परमेश्वर, प्रभु, परमात्मा, स्वनमी, अधिपति आदि जे भनेर पुकारे पनि मानिसले इच्छाएको कुरा पुऱ्याइदिने अदृश्य शक्ति अझ भनौं सृष्टिकर्ता। हामी उनका पुजारी, हाम्रो आस्थाका केन्द्र। भनिन्छ, भगवान दाहिना भए भने मानिसको जीवनमा कायापलट हुन्छ। सफलताको शिखर चुम्न भगवान दाहिना हुनै पर्छ। यद्यपि गीतामा भनिएको छ- कर्म गर फलको आशा नगर। कर्म गरेर पनि फलको कुनै पक्का गरिएको छैन। कर्म गर्दा पनि फल नपाइँने वा फल नदिने यसको जवाफदेही को होला ? उही ईश्वर कि अरू कोही ? संसारमा यस्ता मानिस विरलै होलान् जो आफ्नो कर्म र ईश्वरसँग सधैँ खुशी रहुन्। म निरिश्वरवादी मानिस होइन। यद्यपि मलाई ईश्वरप्रति पूर्ण विश्वास पनि छैन।

४६औं बसन्त पार गरिसक्दा पनि मलाई कुनै कुरामा पनि ईश्वरप्रति पूर्ण विश्वास जागेको छैन। एउटा कुरा यस्तो होस कि जुन कुरामा मेरो ईश्वरप्रतिको आस्था पूर्णरूपमा प्रकट होस। मेरा बुबाआमा पहिलेदेखि पूर्ण रूपमा ईश्वरप्रति विश्वास गर्नुहुन्थ्यो, पूजाआजा गर्नुहुन्थ्यो। घरमा धार्मिक कार्य गर्नुहुन्थ्यो। मलाई केही हदसम्म बुबा चाहिँ व्यवहारतः निरिश्वरवादी झैं लाग्थ्यो। आमा भने व्यवहारमा पनि कट्टर ईश्वरवादी हुनुहुन्थ्यो। बुबा अरू वा दुःखीहरूको सेवामा बढी जोड दिनुहुन्थ्यो। कहिलेकाहीँ भन्ने पनि गर्नुहुन्थ्यो अरूको सेवा गर्नु पनि धर्म नै हो। यहीँबाट मैले अरूको सेवा पनि धर्म नै रहेछ भन्ने कुराको ज्ञान पाएको हुँ।

मलाई माफ गर्नुहोला। म ईश्वरको खोजीमा धेरै भौंतारिएका मानिसहरूको कोटामा पर्ने व्यक्ति हुँ। मैले ईश्वरका बारेमा धेरै खोज, अनुसन्धान गरेको छु। यो मेरो व्यक्तिगत विचार वा धारणा हो। ईश्वरको खोजी गर्ने क्रममा मैले त्यही ढुङ्गो पुजेको पनि छु र त्यही ढुङ्गो त्यहाँबाट उखेलेर फालेको पनि छु। त्यतिबेला मलाई न कुनै फल प्राप्त भएको महशुस भएको छ न कुनै सजाय नै पाएको अनुभूति। कुनै बेला मैले धेरै मानिसहरूलाई सोधेको पनि छु। के साँच्चै ईश्वर छन् त ? छन् भने कहाँ छन् त भनेर। कसैले भनेका छन् ईश्वर आत्मामा हुन्छन्। कसैले ईश्वर मन्दिरमा हुन्छन् भनेका छन् त कसैले आकाशतिर औंल्याएका छन्। कसैले विश्वासमा हुन्छन् भनेका छन्। कसैले गरीब, दुःखीमा। मैले यही प्रश्न म सानो हुँदा सबैभन्दा पहिला बुबालाई सोधेको थिएँ। बुबाले ईश्वर मनमा हुन्छन् भनेको सुन्दा म अचम्मित भएको थिएँ। ए हाम्रो मनभित्र त ईश्वर पो हुँदा रहेछन् त भनेर। मलाई यो कुरा बुझ्न निक्कै समय लाग्यो। हाम्रो घरमा पहिलेदेखि वर्षमा एक पटक सत्यनारयणको पूजा तथा जप लाएर स्वस्ति शान्ति गर्ने चलन थियो। यसो गर्दा परिवारमा सुखशान्ति मिल्छ भन्नुहुन्थ्यो बुबा।

पहाडमा हाम्रा एकजना छिमेकी थिए। उनले कहिल्यै त्यसरी पूजापाठ गरेको म जान्ने बुझ्ने भएदेखि मलाई थाहा छैन। उनलाई कहिल्यै पूजाआजा गर्नु परेन। उनको परिवारमा कहिल्यै दुःख-बिमार वा अशान्ति भएको पनि थाहा छैन। उनका लागि सधैँ भगवान दाहिना। बुबा भन्नुहुन्थ्यो दिन दरा हुन्जेल हो। दिन दरा छन् भने केही हुन्न। म सानै थिएँ। एक पटक बुबाआमाले पञ्चवली पूजा गर्नुभएको थियो। घरमाथिको चौरीमा पञ्चवली पूजा भनेर हामीले राँगा, थुँबा, कुखुा, परेवा आदि काटेका थियौं। आफन्त छर-छिमेकलाई बोलाएर भोज गरेका थियौं। गाई दुहुना हुँदा गोबरको खोचे बनाएर बुबा हरेक बिहान वनका देवीलाई भनेर गाईको दूध चढाउनुहुन्थ्यो। गोठमा सुब्यफाब्बे हुन्छ भनेर। हाम्रो घरमुनि देवीथान थियो। त्यहाँ पनि हामी बेलाबेला बिहान दूध लगेर चढाउँथ्यौं। बुबा बेला-बेला संसारी पूजा पनि गर्नुहुन्थ्यो। संसारी माई भगवतीको भनेर।

१० कक्षामा पढ्दा मैले जीवनमा प्रथम पटक मौवा डाँडाका गजुरमुखी र इन्द्रावती देवीलाई भाकल गर्दै ढोगेँ। हे इन्द्रावती देवी मैले एसएलसी पास गरौं। यासोक गएर एसएलसी दिँदा मैले दोस्रो पटक यासोकका सिद्धका थानमा ढोगेर भाकल गरेँ। हे सिद्धदेवी मैले एसएलसी पास गर्न सकौं। यदि गरेँ भनेँ परमेश्वरा म तिमीलाई एक जोडी परेवा ल्याएर उडाइ दिनेछु। तेह्रथुमका सिँहदेवीलाई पनि त्यसरी नै भाकल गरेर ढोगेँ। धनकुटाका निशान देवीलाई पनि मैले उसरी नै भाकल गर्दै निशानदेवी मलाई एसएलसी पास गराइदेउ। यदि गराइदियौ भने म तिमीलाई बोका ल्याएर भोग दिउँला। कनकाई माई भगवतीलाई पनि मैले त्यसरी नै भाकल गरेको थिएँ। त्यतिमात्र होइन कि मैले एक पटक संसारभरिका देवीदेवतालाई सम्झेको थिएँ। हे भगवान् जसरी भए पनि मलाई यो फलामे बारबाट बाहिर निकालिदेऊ। एसएलसीको रिजल्ट आउनुभन्दा पहिले। घरमा सत्यनारायणको पूजा लगाइदिउँला भनेर बुबाआमाले पनि मेरा लागि भाकल गरिदिनुभएको रहेछ। पछि रिजल्ट आयो। मैले एसएलसी फेल गरेँ। अर्को साल मैले कुनै देवी-देवतालाई भाकल नगरी एसएलसी दिएँ। पास पनि भएँ।

यो २०४८ सालको कुरा हो। पुस-माघमा दिएको जाँचको जेठ-असारमा रिजल्ट आउँथ्यो। त्यसपछि कुनै देवीदेवताको भाकल नगरी स्नातकोत्तर तहसम्मको जाँच दिएँ। स्नातकोत्तर तेस्रो वर्ष थेसिस लेख्दालेख्दै कहाँबाट विदेश जाने मोह जागेर आयो। सम्पूर्ण कागजात तयार गरेर लाग्ने रकम समेत बुझाएर पनि निकै लामो समयसम्म अल्झनु पऱ्यो। विभिन्नखाले झैं-झमेला आइलागे। मैले पशुपतिमा गएर फेरि एउटा भाकल गरेँ। हे पशुपतिनाथ मेरो इजरायलको भिसा लागोस्। म तिमीलाई इजरायल पुगेर आएपछि यहीँ आएर सत्यनारायणको पूजा लाइदिन्छु। गाईको दूधको धारा चढाउँछु भनेर दुई हात जोडेँ। त्यति गर्दा पनि तत्काल मेरो भिसा लागेन। साँच्चै कुनै दशाग्रहले नै पो हो कि भनेर ज्योतिषलाई हात हेराउँने विचार गरेँ।

त्यतिबेला शहीद गेटको उतापटी सिँहदरवार छिर्ने बाटोको मुखमा आकासे पुलको मुनि एकजना ज्योतिषी हात हेर्न बस्थे। मैले तिनलाई केही पैसा दिएर हात हेराएँ। मैले जीवनमा पहिलो वा अन्तिमपल्ट ज्योतिषलाई आफ्नो भाग्यको बारेमा हात हेराएको त्यही हो। २०६१ साल अन्तिमतिरको कुरा हो। मन विचलित हुन थालेपछि नै मानिसले भाग्य खोज्न थाल्दो रहेछ। बढी भगवानको सहारा लिन खोज्दो रहेछ। मलाई यो कुरा बुझ्न पनि निक्कै समय लाग्यो। मलाई ती ज्योतिषले विदेशको योग छ। राम्रो देश जान आँट्नु भएको रहेछ। राम्रो हुन्छ जानु भनेका थिए। पशुपतिनाथको कृपाले भनौँ वा संयोगले त्यसको करिब दुई-तीन महिनापछि मेरो इजरायलको भिसा लागेको थियो। त्यसपछि म इजरायल गएँ। दुई मनले म इजरायल जानु संयोग ठाने पनि एक मन डरायो। पछि आएर पशुपतिनाथको भाकल बुझाएँ।

हरेक मानिसलाई कर्मले जस्तै ईश्वरले पनि सधैँ खुशी राख्न सक्दा रहेनछन्। मलाई यो कुरा बुझ्न पनि निकै समय लाग्यो। मलाई पुग्ने र प्राप्त गर्ने कुरामा स्वर्ग र ईश्वर उस्तै लाग्यो। न कोही पुगेको छ न कसैले देखेको छ। मलाई यस्तो लाग्छ कि सायद ईश्वर थिए भने मानिसको शरीरमा चोट लागे पनि हृदयमा चोट लाग्ने थिएन। ८०औँ बसन्त पार गरेर पितृ भइसकेका बालाई छरछिमेकी, आफन्तहरू तीर्थ व्रत गएको देख्दा बा जानुस् तपाई पनि उहाँहरूसँग तीर्थ भनेर कहिलेकाहीँ पठाउन खोज्छौँ। बुढेशकालमा यसो तीर्थ जान मन होला ठानेर तर बुबा जान मन गर्नुहुन्न। जान्न म कतै जान्न। मैले के पाप गरेको छु र तीर्थ जानु ? मैले धर्म पनि गरिसकेको छु। अब किन गर्नुपऱ्यो ? भन्नुहुन्छ जान मान्नुहुन्न। आमा नबितिकन पनि बुबाआमा कहिँ पुण्य कमाउन तीर्थ भनेर कहिल्यै कतै जानु भएन। कसैप्रति कुदृष्टि, कुभाव, जालझेल र षड्यन्त्र गरेन भने र सबैप्रति समान दृष्टि राख्न सकियो भने त्यो पनि ठूलो धर्म रहेछ। सबैप्रति समान दृष्टि राख्छ र आफ्नै पसिनामा रमाउँछ। ऊ नै ईश्वर रहेछ।

---

## आजको राशिफल





ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** व्यापार-व्यवसायमा लाभ प्राप्त हुनेछ, सानै सफलताले पनि ठूलो खुशी मिल्नेछ, आज रचनात्मक काममा मन जानेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलाबाट मुक्त दिने योग आएको छ, कसैसँग वादविवाद नगर्नुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** स्वास्थ्य सम्बन्धी समस्याले हटेर जानेछ, पशुचौपायासँग सम्बन्धी गरिएको व्यापार-व्यवसायबाट यथेश्ठ लाभ मिल्नाले मन आननिदत हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय मिश्रित फलदायी रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउने छ, सन्तानबाट सहयोग प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** आज बोलिको भरमा विशेष काम बन्ने योग छ, बोलिमा विचार पुऱ्याउनु होला, तपाईलाई इष्टमित्रले साथ दिनेछन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** आज गरिएका कामहरु फत्ते भएर जानेछन्, बेलुकीपख शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्ताले हुनेछ, धैर्यका साथ रहनु भएमा राम्रो हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** मन प्रशन्न रहला, धन तथा स्वास्थ्य लाभका साथै शुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ, शुभ खबर सुन्न पाइने छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** समय फलदायी छ, उपहार प्राप्तिको योग परेको छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनाले मन प्रशन्न रहने छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** आज व्यापार-व्यवसायमा फाइदाजनक योग छ, मिष्ठान्न भोजनको योग छ, रमाइलो जमघट हुनाले मन प्रशन्न रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा विवादको योग रहेको छ, धैर्य रहनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईको लागि लाभदायक हुनेछ, सम्बन्ध सुमधुर रहला ।

**मिति २०८२/११/०८ शुक्रबारको सुनचाँदी मूल्य**



छापावाला सुन प्रति तोला रु. ३,०४,७००।-



चाँदी प्रति तोला रु. ५,०५०।-

# व्यवसायी सदस्य राहत कोषमा सहयोग बढ्दै



**बिर्तामोड, फागुन ८।** व्यवसायिक संस्थाहरू केवल व्यापारिक हितमा सीमित नहुने, सामाजिक सहकार्य र आपसी सहयोगको साझा प्लेटफर्म बन्न सक्ने उदाहरण पछिल्लो समय झापाको बिर्तामोडमा देखिन थालेको छ।

बिर्तामोड उद्योग वाणिज्य संघद्वारा स्थापना गरिएको 'व्यवसायी सदस्य राहत कोष' अहिले व्यवसायीबीच सहकार्य र सहानुभूतिको अभियानका रूपमा विस्तार हुँदै गएको छ।

व्यवसायीलाई आपत्, विपद्, स्वास्थ्य समस्या वा आकस्मिक संकट पर्दा संस्थागत सहयोग उपलब्ध गराउने उद्देश्यले स्थापना गरिएको उक्त कोषलाई एक करोड रुपैयाँ पुर्‍याउने दीर्घकालीन लक्ष्य राखिएको संघले जनाएको छ। कोष स्थापना भएपछि व्यक्तिगत उत्सवलाई सामाजिक योगदानसँग जोड्ने अभ्यास बढ्दै गएको संघका अध्यक्ष राजु न्यौपानेले बताए।

कोष सुदृढीकरण अभियान अन्तर्गत बिर्तामोडका अग्रज व्यवसायी तथा संघका सल्लाहकार मोहन मित्तल र मधु मित्तल दम्पत्तिले आफ्नो वैवाहिक वर्षगाँठलाई सामाजिक उत्तरदायित्वसँग जोड्दै २३ हजार तीन सय ३३ रुपैयाँ सहयोग गरेका छन्। रकम संघका अध्यक्ष राजु न्यौपाने र राहत कोष संयोजक राजकुमार घिमिरे 'राजु'लाई हस्तान्तरण गरिएको हो।

सो अवसरमा संघले मित्तल दम्पत्तिलाई कदरपत्र प्रदान गर्दै सम्मान गरेको थियो। अध्यक्ष न्यौपानेले व्यवसायीहरूले निजी खुसीका क्षणलाई सामूहिक हितसँग जोड्न थालेको प्रवृत्तिले राहत कोषलाई दिगो बनाउने विश्वास व्यक्त गरे।

संघका महासचिव कुशल खतिवडाको जन्मदिन पनि संघको कार्यालयमै मनाइएको थियो। जन्मदिनलाई औपचारिक शुभकामनामा मात्र सीमित नराख्दै उनले राहत कोषका लागि सात हजार सात सय सात रुपैयाँ सहयोग प्रदान गरेका छन्। उनले रकम अध्यक्ष न्यौपाने र संयोजक घिमिरेलाई हस्तान्तरण गरेका हुन्। राहत कोषमा २५ लाख रुपैयाँभन्दा बढी रकम संकलन भइसकेको संघले जनाएको छ।

# एभरेष्ट स्मार्ट एजुकेशनको वार्षिकोत्सव

**बिर्तामोड, फागुन ८।** एभरेष्ट स्मार्ट एजुकेशन एकेडेमी बिर्तामोडको नवौं वार्षिकोत्सव तथा अभिभावक दिवस विविध कार्यक्रमसहित सम्पन्न भएको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आशिष प्रसाईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. प्रियंका कटुवाल प्रमुख अतिथि रहेकी थिइन्।

कार्यक्रममा प्रमुख अतिथि डा. कटुवालसहित प्याप्सन झापाका वरिष्ठ उपाध्यक्ष हरिकृष्ण पाठक, बिर्तामोड नगरपालिकाकी शिक्षा अधिकृत जानुका रेग्मी, योजना अधिकृत जय तिम्सिना, सामाजिक व्यक्तित्व किशोर प्रसाई, कपिल प्रसाई तथा न्यूटन्स एजुकेशन एकेडेमीका प्रिन्सिपल देवेन्द्र हुमागाँई लगायतले संयुक्त रूपमा दीप प्रज्वलन गर्दै शिक्षासेवी तथा विद्यालयका संस्थापक स्वर्गीय हरि प्रसाईको तस्वीरमा माल्यार्पण गरी कार्यक्रम उद्घाटन गरेका थिए।

कार्यक्रममा सहभागी वक्ताहरूले निजी विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्दै स्थानीय शैक्षिक विकासमा महत्वपूर्ण योगदान पुर्‍याइरहेको बताएका थिए। कार्यक्रममा प्याप्सन बिर्तामोड नगर अध्यक्ष सुरेन्द्र खरेल लगायतको सहभागिता रहेको थियो।

वार्षिकोत्सवका अवसरमा सञ्चार क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दै पूर्वाञ्चल दैनिकका सह-सम्पादक सुरेन्द्र भण्डारीलाई अभिनन्दन गरिएको थियो। संस्थागत विद्यालयको विकासमा योगदान पुर्‍याएको भन्दै बाल कल्याण अंग्रेजी स्कूल चारपानेका संस्थापक राम सिटौलालाई सम्मान गरिएको थियो भने असल अभिभावकका रूपमा व्यवसायी ओमप्रकाश श्रेष्ठ र डा. चाँदनी प्रधान सम्मानित भएका थिए।

त्यसैगरी उत्कृष्ट शिक्षकको रूपमा शिक्षक तीर्थराज खतिवडालाई सम्मान गरिएको थियो। एसईई २०८० मा उत्कृष्ट नतिजा ल्याउने निकिता तामाङ तथा २०८१ मा उत्कृष्ट प्रदर्शन गर्ने सिद्धान्त ढकाललाई नगद पाँच हजार रुपैयाँसहित सम्मान गरिएको थियो।

कार्यक्रममा विद्यार्थीहरूले नृत्य, गीत तथा सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए। कक्षा १० का विद्यार्थी सम्भव प्रसाईले स्वागत गरेको कार्यक्रमको सञ्चालन सञ्चारकर्मी लीला अनमोलले गरेकी थिइन्।

विद्यालय व्यवस्थापन समिति सदस्य निरु उप्रेती ओली, डा. पुष्पक रेग्मी, वीरता लेडी जेसीसकी पूर्व अध्यक्ष संगीता गिरी, निवर्तमान अध्यक्ष निशा शाक्य लगायतको आतिथ्य रहेको थियो। कार्यक्रममा सहभागी वक्ताहरूले शिक्षासेवी स्वर्गीय हरि प्रसाईले शिक्षा क्षेत्रमा पुर्‍याएको योगदानको स्मरण गरेका थिए।



यसैबीच विद्यालयका प्रिन्सिपल अनुप शर्माले संस्थाले स्थापनाकालदेखि नै गुणस्तरीय, व्यवहारिक तथा जीवनोपयोगी शिक्षा प्रदान गर्ने लक्ष्यसहित अघि बढेको बताए। अभिभावक, शिक्षक, कर्मचारी, विद्यार्थी र शुभेच्छुकहरूको निरन्तर सहयोग र विश्वासकै कारण विद्यालयले शैक्षिक यात्रामा उल्लेखनीय उपलब्धि हासिल गरेको उनको भनाइ थियो।

शर्माले विद्यालयले विद्यार्थी केन्द्रित शिक्षण पद्धति, परियोजना कार्य, प्रस्तुति, समूहगत सिकाइ तथा आधुनिक मूल्याङ्कन प्रणालीलाई प्राथमिकतामा राख्दै कक्षा शिक्षणलाई जीवनसँग जोड्ने प्रयास गरिरहेको बताए। आन्तरिक तथा बाह्य मूल्याङ्कनमा विद्यार्थीको नतिजा प्रत्येक वर्ष सुधार हुँदै गएको जानकारी दिँदै उनले विस्तृत शैक्षिक प्रतिवेदन परीक्षा परिणामसँगै सार्वजनिक गरिने उल्लेख गरे।

डे-स्कूल अवधारणा अनुसार बिहानदेखि बेलुकासम्म नियमित पठनपाठन सञ्चालन भइरहेको र सह-पाठ्यक्रम गतिविधि, खेलकुद, सांस्कृतिक कार्यक्रम तथा सिर्जनात्मक अभ्यास मार्फत विद्यार्थीको अनुशासन, आत्मविश्वास र नेतृत्व क्षमता विकास भएको उनले बताए।

विद्यालयमा नर्सरीदेखि फोनिक्स कक्षा, कक्षा १ देखि ७ सम्म लेखन अभ्यास, कारखाना कक्षा, स्काउट तथा कोडिङ कक्षा सञ्चालन भइरहेको जानकारी उनले दिए। परीक्षा केन्द्रित मोटिभेसनल सेसन तथा प्रि-बोर्ड परीक्षा नियमित सञ्चालन गरिएको पनि उनले बताए।

शिक्षक विकासलाई प्राथमिकता दिँदै तीनवटा क्षमता अभिवृद्धि कार्यशाला सञ्चालन गरिएको तथा अभिभावक शिक्षा कार्यक्रम मार्फत पोषण, स्वास्थ्य र अभिभावक अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको उनले उल्लेख गरे। आगामी वर्ष अभिभावक तालिमलाई थप विस्तार गरिने योजना रहेको उनले सुनाए। भौतिक पूर्वाधार सुधारतर्फ विद्यालयले कक्षाकोठा, सिकाइ सामग्री तथा बालमैत्री वातावरण विकासमा जोड दिएको र नयाँ शौचालय तथा चेन्जिङ रुम निर्माण भइरहेको जानकारी दिए।

आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै उनले विद्यालयको मुख्य आयस्रोत विद्यार्थी शुल्क रहेको बताए। वार्षिक रूपमा शिक्षक तथा कर्मचारी तलबतर्फ करिब एक करोड सत्तरी लाख रुपैयाँ खर्च हुने, यातायात तथा इन्धनतर्फ करिब पचास लाख ५८ हजार रुपैयाँ खर्च हुने जानकारी उनले दिए। विद्युत् तथा पानीमा सात लाख, सामाजिक सुरक्षा कोषमा चार लाख ४० हजार, घरबहाल कर १३ लाख, आयकर नौ लाख तथा छात्रवृत्तिमा ६७ लाख रुपैयाँ खर्च गरिएको उनले बताए।

सीमित स्रोतसाधन, बढ्दो शैक्षिक आवश्यकता र अस्वस्थ प्रतिस्पर्धा चुनौतीका रूपमा रहे पनि आगामी दिनमा शैक्षिक गुणस्तर अभिवृद्धि, शिक्षक विकास, प्रविधिमैत्री शिक्षण र अभिभावकसँग सहकार्यलाई थप सुदृढ बनाउने योजना रहेको उनले स्पष्ट पारे।

कार्यक्रमका अन्त्यमा विद्यालयको विकासमा सहयोग पुर्‍याउने अभिभावक, शिक्षक, कर्मचारी, विद्यार्थी तथा शुभेच्छुकप्रति उनले आभार व्यक्त गरेका थिए।

# कुइँकेल समाज राष्ट्रिय प्रतिष्ठानको नेतृत्व चयन



**कनकाई, फागुन ८।** कुइँकेल समाज राष्ट्रिय प्रतिष्ठानको नयाँ नेतृत्व चयन भएको छ।

कनकाई नगरपालिका-४ सुरुङ्गास्थित केन्द्रीय कार्यालयमा सम्पन्न कुइँकेल समाज राष्ट्रिय प्रतिष्ठानको भेलाले आगामी तीन वर्षका लागि नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो।

कार्यक्रममा गजाधर कुइँकेलको अध्यक्षतामा नयाँ नेतृत्व चयन भएको हो। प्रतिष्ठानको उपाध्यक्षमा पारशमणि कुइँकेल, सचिवमा सूर्य कुइँकेल र कोषाध्यक्षमा बालिका कुइँकेल चयन भएका छन्। नवगठित समितिले संस्थागत संरचना सुदृढ गर्दै सामाजिक तथा ऐतिहासिक अभियानलाई अघि बढाउने जिम्मेवारी पाएको छ।

प्रतिष्ठानको कनकाईस्थित निर्माणाधीन भवन परिसरमा आयोजित कार्यक्रममा तदर्थ समितिका अध्यक्ष गजाधर कुइँकेलले सभाको अध्यक्षता गरेका थिए भने कार्यक्रम सञ्चालन सचिव सूर्य कुइँकेलले गरेका थिए।

मौद्गल्य गोत्रीय कुइँकेल समुदायबीच संगठनात्मक एकता कायम गर्दै आफ्ना वंशको ऐतिहासिक पृष्ठभूमिको खोज, अध्ययन र उत्थानका लागि प्रतिष्ठान स्थापना गरिएको सचिव सूर्य कुइँकेलले बताए। समुदायको पहिचान संरक्षण, इतिहास दस्तावेजीकरण तथा भावी पुस्तासम्म सांस्कृतिक मूल्य हस्तान्तरण संस्थाको मुख्य उद्देश्य रहेको उनले उल्लेख गरे।

जिल्ला प्रशासन कार्यालय झापामा विधिवत् दर्ता भई सञ्चालनमा आएको प्रतिष्ठानले आगामी वर्षका लागि संगठन विस्तार, भवन निर्माण तथा समुदाय केन्द्रित कार्यक्रमलाई प्राथमिकतामा राख्ने अध्यक्ष गजाधर कुइँकेलले जानकारी दिए।


**Ganapati Bakers**
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**विशेषज्ञ डाक्टरहरूको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर**
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

अब बिर्तामोडमा
**डा. पितामबर ठाकुर**
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
**कालिका डेरी**,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क : ९८१८७९३९८६, ९८५२६८८९८६

**UAE मा रोजगारीको अवसर**
UNited International Group
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641,
9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

**होटल समृद्धि सुरुङ्गा**
एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा।
**होटल समृद्धी**
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर
कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

**वैदेशिक रोजगार**
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ। सम्पर्क गर्नुहोला।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क:
९८४२६३४८७४,
९८१६०४९८७६,
०२३-५३५९७३
बिर्तामोड, झापा

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ?
यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई सम्झनुहोस्। हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ।
सम्पर्क: ९८०१४०१३००,
९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस्।**
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला। साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क :
SECTOR ONE SECURITY
**सेक्टर वान सेक्युरिटी सर्भिस**
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४४५००३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईंको सेवामा!
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**घडेरी आवश्यकता सम्बन्धी गोप्य शिलबन्दी**
**आवश्यकता ! आवश्यकता !! आवश्यकता !!**
**विशाल कृषि सहकारी संस्था लि. बिर्तामोड-१०** झापालाई तपशिल अनुसारको स्थानमा निम्न अनुसारको क्षेत्रफल भएको जग्गा/घडेरी आवश्यकता भएकाले इच्छुक महानुभावहरुले दरखास्त पेश गर्न सक्नुहुनेछ।
- **घडेरी क्षेत्रफल** : ३३८.६३ वर्ग मि.देखि ६७७.२६ वर्ग मि.सम्म
- **स्थान** : पूर्वमा : भूतेनी खोला पश्चिम
उत्तरमा : ठुटेवरचोक दक्षिण
दक्षिणमा : मिनाचोक उत्तर
पश्चिममा : मैनाली होली पूर्व
**मोहडा (मुख)** : ३३ फिटदेखि माथि
**विज्ञापन** : १५ दिनको समय
**सम्पर्क** : ९८४२७५२३१०
**कार्यालय समय बिहान १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म।**

**राहदानी हरायो**
काठमाडौंबाट झापाको दमक आउने क्रममा यही मिति २०८२।१०।०१ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।
**नाम**:- राजकुमार दर्जी
**साविक ठेगाना**:-सिनाम-५, ताप्लेजुङ
**हाल** :- दमक-४, झापा
**राहदानी नं.** :- ०९९५७०३६
**सम्पर्क नं.** : ९७१३२२९०६०

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. : ९८०३२५०४७२
९८०१३६४०९३

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)